**दोगडाकेदार गाउँपालिका**

बैतडी, सुदूरपश्चिम प्रदेश, नेपाल

# दोगडाकेदार गाउँपालिकाको राजपत्र

**दोगडाकेदार गाउँपालिकाबाट प्रकाशित**

**खण्डः ८  संख्याः ४  सम्बत् २०८१ असोज ०२ गते**

## भाग-२

## दोगडाकेदार गाउँपालिका

## खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि, २०८१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि दोगडाकेदार गाउँपालिकाको गाउँकार्यपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छताको सम्बन्धमा कानुन बनाई कार्यान्वयन गर्नका लागि **खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि, २०८१** स्वीकृत गरि सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएस्को छ ।

# दोगडाकेदार गाउँपालिका
# खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि, २०८१

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८१।०५।२८
परमाणिकरण मिति : २०८१।०५।३०

**प्रस्तावनाः**नेपालको संविधानले आधारभूत स्तरको खानेपानी र सरसफाई सुविधालाई नागरिककोआधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ । हालका दिनमा सरसफाइको दायरा फराकिलो भइप्रतिष्ठा , स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रुपमा विस्तारित भई सरसफाईलाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा लिन थालिएको छ। यस सन्दर्भमा पुर्ण सरसफाईलाई महत्व दिई कार्यक्रमहरु संचालन गर्न वाञ्छनीय भएकाले , स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी दोगडाकेदार गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद—एक
## प्रारम्भीक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधि, २०८१" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क. "सरसफाई" भन्नाले मानव मलमुत्रको सुरक्षित बिसर्जनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाईबुझिन्छ ।यस शब्दले फोहोरमैला संकलन र फोहोर पानीको विसर्जन मार्फत स्वच्छता कायमगर्नुलाई समेत बुझाउँदछ।जनस्वास्थ्य प्रव र्द्धनका लागि गरिएका विभिन्न स्वस्थकरक्रियाकलापहरुको समग्र कार्य नै सफाइ हो ।

ख. "स्वच्छता" भन्नाले आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामीहुनबाट बच्न अपनाइने सम्पूर्ण व्यवहारहरुलाई बुझिन्छ। स्वच्छताले व्यक्ति र समुदायको स्वस्थआनीबानी समेतलाई जनाउँछ ।

ग. "सफा र स्वच्छ अवस्था" भन्नाले सफा र स्वच्छ चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धितसमितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई जनाउँछ ।

घ. “पूर्ण सरसफाइ उन्मुख अवस्था ” भन्नाले यस कार्यविधिमा उल्लेखित सफा र स्वच्छ , पूर्ण सरसफाइउन्मुख दुवै चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरणभएको अवस्थालाई जनाउछ ।

ङ. “सार्वजनिक शौचालय” भन्नाले सार्वजनिक स्थानमा हिंडडुल गर्ने जो कोही व्यक्तिले प्रयोग गर्नसक्ने प्रयोगकर्ता–मैत्री शौचालयलाई बुझाउँछ ।

च. “संस्थागत शौचालय” भन्नाले विद्यालय, कार्यालय, स्वास्थ्य संस्था जस्ता सार्वजनिक निकायहरुमानिमार्ण गरिएका प्रयोगकर्ता–मैत्री शौचालयलाई बुझाउँछ ।

छ. “सामाजिक समावेशीकरण” भन्नाले समुदायका सबै लिङ्ग , जात, जाति, वर्ग, धर्म, व्यवसाय र सबैक्षेत्रका व्यक्तिको योजना तर्जुमा र निर्णय प्रक्रिया र सेवा सुविधामा पहुँच रहेको अवस्था बुझाउँछ ।

ज. “विपद् व्यवस्थापन” भन्नाले बाढी—पहिरो, आगलागी, भूकम्प, भू–क्षय र रोगव्याधिजन्य महामारीजस्ता प्राकृतिक एवं मानव सृजित विपद् सम्बन्धी पूर्व तयारी , उद्धार, पुर्नलाभ, पुनस्थापना रपुनःनिर्माण व्यवस्थापनको समष्टिगत व्यवस्थालाई बुझाउँछ ।

झ. “प्रयोगकर्ता–मैत्री खानेपानी , सरसफाइ र स्वच्छताका सुविधाहरु ” भन्नाले शारीरिक रुपले असक्षम रअपाङ्गता भएका बालबालिका तथा जेष्ठ नागरिक आदि सबैलाई प्रयोग गर्न सजिलो हुने प्रयोगकर्ता – मैत्री सुविधाहरुलाई बुझाउँछ ।

ञ. “बानी व्यवहार विकास ” भन्नाले शौचालयको प्रयोग , साबुन पानीले हात धुने , महिलाकोमहिनावारी व्यवस्थापन लगायत अन्य सरसफाइ र स्वच्छता सम्बन्धी आनीबानीको निरन्तरप्रक्रियालाई बुझाउँछ।

ट. “दिगो सरसफाइ” भन्नाले स्वचालित र नियमित रुपमा संचालित सरसफाइलाई बुझाउँछ ।

ठ. “सुरक्षित पानी” भन्नाले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक , जैविक र रसायनिक पदार्थहरुनरहेको पानीलाई बुझाउँछ ।

ड. “सरोकारवाला” भन्नाले सरकारी, गैरसरकारी कार्यालय तथा निकाय, राजनीतिक दल, विद्यालय,सहकारी, निजीक्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र, उपभोक्ता समितिहरु लगायतकासरोकारवालाहरुलाई बुझाउछँ ।

## परिच्छेद– दुई

## खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति

**३. गाउँपालिका स्तरीय खानेपानी , सरसफाई तथा स्वच्छता समन्वय समितिः** (१) दोगडाकेदारगाउँपालिका स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिको गठन देहाय बमोजिमहुनेछः

क) गाउँपालिका अध्यक्ष — अध्यक्ष

ख)गाउँपालिका उपाध्यक्ष उपाध्यक्ष

ग) वडा अध्यक्ष सबैवडा सदस्य

घ)गाउँ कार्यपालिका सदस्यहरु सबै सदस्य

ङ)प्रमुख प्रशासकीय अधिकृत सदस्य

च) संयोजक, वातावरण तथा विपद् व्यवस्थापन समिति सदस्य

छ) गाउँपालिका क्षेत्रभित्रका सुरक्षा निकाय प्रमुख वा प्रतिनिधिहरु सदस्य

ज) खानेपानी उपभोक्ता समिति मध्येबाट समितिले तोकेको १ जना सदस्य

झ) स्वास्थ्य र सरसफाई, फोहोरमैला व्यवस्थापनको क्षेत्रमा कामगर्ने गै.स.स.मध्ये बाट समितिले तोकेको एक महिला सहित २ जना सदस्य

ज)प्रमुख, स्वास्थ्य तथा समाजिक विकास शाखा सदस्य

झ) प्रमुख शिक्षा युवा तथा खेलकुद शाखा सदस्य

ञ) प्रमुख, पुर्वाधार विकास शाखा सदस्य

ट) प्रमुख, वातावरण तथा विपद् व्यवस्थापन उपशाखा सदस्य सचिव

२) खुल्ला दिशा मुक्त क्षेत्र घोषण र पुर्ण सरसफाई अभियान कार्यान्वयनका लागि समितिले वडास्तरिय समितिलाई समेत प्रविधिक सहयोग गर्न आवश्यकता अनुसार कार्यदल गठन गरीपरिचालन गर्न सक्नेछ ।

**४. गाउँपालिका स्तरीय खानेपानीसरसफाई तथा स्वच्छता समन्वय समितिको कामकर्तव्य रअधिकारः**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
क) दोगडाकेदारगाउँपालिकालाई खुला दिसामुक्त क्षेत्र बनाउने योजना तर्जुमा गर्ने ।
ख) खुल्ला दिसामुक्त क्षेत्र घोषणालाई दिगो बनाउदै पूर्ण सरसफाई सुनिश्चितता गर्ने । त्यसका लागिअनुसुची १ र २ अनुसारका सुचकहरु पुरा गर्नु पर्नेछ ।
ग) दोगडाकेदारगाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरु बिच समन्वय गर्ने ।

घ) स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरुको श्रोत र साधनलाईएकिकृत परिचालन गर्ने व्यवस्था मिलाउने ।

ङ) पूर्ण सरसफाई र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्न अभियान संचालन गर्ने ।

च) पूर्ण सरसफाई, फोहोरमैला व्यवस्थापनका लागि वडास्तरीय खानेपानी , सरसफाई तथा स्वच्छतासमितिलाई आवश्यक सहयोग गर्ने व्यवस्था मिलाउने ।

छ) खानेपानी, सरसफाई तथा स्वच्छता कोषको व्यवस्थापन गर्ने ।

**५. वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिः**

(१) दोगडाकेदारगाउँपालिकाकोप्रत्येक वडामा वडा स्तरिय खानेपानी , सरसफाई तथा स्वच्छता समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) सम्बन्धित वडाबाट प्रतिनिधित्व गर्ने पालिका कार्यपालिका सदस्य | सदस्य |
| ग) वडा समितिका सदस्यहरु | सदस्य |
| घ) वडाका स्वास्थ्य संस्था प्रमुख | सदस्य |
| ङ) स्वास्थ्य, सरसफाई र फोहोरमैलाको क्षेत्रमा काम गर्ने संस्थामध्येसमितिले तोकेको एक महिला सहित ३ जना | सदस्य |
| च) वडा सचिव | सदस्य सचिव |

**६.वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिका काम, कर्तव्य र अधिकारः**

(१) वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिका काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछः

क) वडालाई खुला दिसामुक्त क्षेत्र बनाउने योजना कार्यान्वयन गर्ने ।

ख) वडामा खुल्ला दिसामुक्त क्षेत्र घोषणालाई दिगो बनाउदै पूर्ण सरसफाई सुनिश्चितता कायम गर्ने ।

ग) वडामा गठन भएका टोल विकास संस्थाहरुलाई वडाको खुल्ला दिसामुक्त र पुर्णसरसफाईअभियानमा परिचालन गर्ने ।

घ) वडाभित्र रहेका स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरु बिचसमन्वय गर्ने ।

ङ) वडास्तरमा स्वास्थ्य , सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरुको श्रोत रसाधनलाई एकिकृत परिचालन गर्ने व्यवस्था मिलाउने ।

च) वडास्तरमा पूर्ण सरसफाई र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्न क्रियाकलाप संचालनगर्ने ।

छ) गाउँपालिका स्तरीय खानेपानी , सरसफाई तथा स्वच्छता समितिबाट प्राप्त निर्देशनहरु कार्यान्वयनर आवश्यक समन्वय गर्ने ।

दोगडाकेदार गाउँपालिका, बैतडी

**७. समितिको बैठकः** (१) समन्वय समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः
क) बैठकका लागि ५१% सदस्यको उपस्थिती लाई गणपुरक संख्या मानिनेछ ।
ख) समन्वय समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सकिनेछ ।
ग) समितिका पदाधिकारीले बैठक बसेको दिन गाउँपालिकाले तोके बमोजिमको बैठक भत्ता पाउने छन्।
घ) दफा ३ (१) र दफा ५ बमोजिमको गठित समितिको बैठक सम्वन्धी व्यवस्था माथि उल्लेखउपदफा क, ख, ग बमोजिम हुनेछ ।

## परिच्छेद–तीन

## खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन कोष

**८. कोषको व्यवस्थाः** (१) यस कार्यविधिको अधिनमा रहि खानेपानी , सरसफाई तथा स्वच्छताव्यवस्थापन कोष" को स्थापना गरिने छ । सो कोषमा देहाय बमोजिमको रकम हुनेछः
(क) नेपाल सरकारबाट प्राप्त हुने रकम ।
ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।
ग) पालिकासभाबाट कोषमा प्राप्त हुने रकम ।
(घ) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैरसरकारी संस्थाबाट कोषको नाममासोझै प्राप्त भएको रकम,
(च) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

**९. कोष संचालनः** कोषको रकम समितिबाट दोगडाकेदारपालिका क्षेत्र भित्रका कुनै वाणिज्य बैंकमाखाता खोली जम्मा गरिनेछ । कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखाप्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । कोषमा जम्मा भएको रकम देहायको कार्यकोलागि मात्र खर्च गरिनेछः–
क) खुल्ला दिसामुक्त घोषणा अभियान संचालन कार्यक्रमहरु संचालन गर्ने ।
ख) गाउँपालिका क्षेत्रलाई प्लास्टीक झोला मुक्त पालिका बनाउने अभियान संचालन गर्ने ।
ग) पुर्ण सरसफाई र फोहोर मैला व्यवस्थापन गर्ने कार्यमा संलग्न साझेदार संस्थाहरुसँग साझेदारीगर्ने ।
घ) विपदको कारणबाट भएको फोहोर मैला तथा प्रदुषणको विसर्जन (डिस्पोजल) गर्ने,
ङ) फोहोरमैला ब्यवस्थापन र पुर्ण सरसफाई ब्यवस्थापनका लागि सचेतनामूलक कार्यक्रम संचालनगर्ने ।
च) कोषको रकम फोहोरमैला व्यवस्थापन र पुर्ण सरसफाई बाहेकका कार्यमा खर्च गर्न पाइने छैन ।

१०. लेखापरीक्षणः (१) लेखा परिक्षण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः
क) कोषको आम्दानी खर्चको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।
ख) कोषको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परिक्षण शाखाबाट र अन्तिम लेखा परिक्षणप्रचलित कानुन बमोजिम हुनेछ ।



दोगडाकेदार गाउँपालिका, बैतडी

## परिच्छेद–चार
## अनुगमन, मूल्यांकन तथा प्रतिवेदन

**११. अनगुमन , मूल्याङ्कन र प्रतिवेदनः** (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन , गुणात्मक उपलब्धिर दिगोपनका लागि निरन्तर अनुगमन , मूल्याङ्कन र प्रतिवेदन तयारी गर्ने कार्यलाई संस्थागत गरिनेछ । कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि घरायसी तथा संस्थागत तहमा समेतअनुगमन र मुल्याङ्कन गर्नु पर्नेछ ।अनुगमनका नीतिगत पक्ष, कार्यान्वयन विधि, बाधा अवरोध,चुनौती, अवसर, कार्य कुशलता, प्रभावकारिता तथा प्राविधिक पक्ष लगायतका विषयहरुमा केन्द्रितरहने छ । अनुगमन मुल्याङ्कन कार्य अनुसुची २ बमोजिम हुनेछ ।

**१२. पुरस्कार, सम्मान र कदरः** (१) गाउँपालिका क्षेत्रको विभिन्न तहमा , पूर्ण सरसफाई अभियानसंचालनमा विशेष योगदान पुर्याउने व्यक्ति, समुह र सस्था आदिलाई सम्मान एवं पुरस्कृत गर्नसकिनेछ ।
(२) पूर्ण सरसफाई उन्मुख हुने वडा तथा टोललाई देहाय बमोजिम पुरुस्कृत गरिनेछः
(क) पूर्ण सरसफाई उन्मुख वडा भएको प्रमाणिकरण भएमा सबैभन्दा पहिले घोषणा हुने वडालाई बीसहजार रुपैयाँ पुरस्कार तथा प्रमाणपत्र र त्यसपछि घोषणा हुने वडालाई समान प्रतिवडा दश हजाररुपैयाँ पुरस्कार र प्रमाणपत्र ।
(ख) पूर्ण सरसफाई उन्मुख टोल भएको प्रमाणिकरण भएमा सबैभन्दा पहिले घोषणा हुने टोललाई दशहजार रुपैयाँ पुरस्कार तथा प्रमाणपत्र र त्यसपछि घोषणा हुने टोललाई समान प्रतिटोल पाँच हजाररुपैयाँ पुरस्कार र प्रमाणपत्र ।

**१३. संशोधनः** यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँ कार्यपालिकालेआवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१४. बचाउ तथा खारेजीः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरु प्रचलित संघिय कानून , प्रदेशकानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

## अनुसुची १
## दफा ४ को (ख) सँग सम्बन्धित

१. सफा तथा स्वच्छ क्षेत्रः यस चरणमा निम्न लिखित क्रियाकलाप संचालन गरिने छः–
क) दफा ३ (१) र दफा ५ बमोजिमको गठित समितिहरुलाई सक्रिय गरिनेछ ।

ख) समन्वय समिति र सरोकारवालाहरुको सहभागितामा खुला दिसामुक्त क्षेत्र घोषणाको पुनरावलोकनएवं त्यस पछि संचालन गरिने क्रियाकलापहरुलाई सहयोग गर्न कार्यदल गठन गरिने छ ।

ग) सरोकारवालाहरुको सहभागिता र सक्रियतामा गाउँपालिका र वडास्तरिय खानेपानी , सरसफाईस्वच्छता योजना तर्जुमा गरिनेछ ।

घ) पालिकापालीका केन्द्र देखि वडा र टोल तहमा खानेपानी , सरसफाई, स्वच्छता सम्बन्धी मानवसंसाधन विकासका लागि क्षमता विकास तालिम तथा अभिमुखीकरण गोष्ठीहरु आयोजना गरिने छ।

ङ) खानेपानी , सरसफाई तथा स्वच्छतासँग सम्बन्धित विभिन्न विषयहरु चर्पीको समुचित प्रयोग ,व्यक्तिगत सरसफाइ, न्यूनतम आवश्यक तथा सुरक्षित पानीमा पहुँच तथा प्रयोग , सुरक्षितखानाको प्रयोग, सफा र स्वच्छ घर, विद्यालय, स्वास्थ्य संस्था एवं कार्यालय , ठोस तथा तरलफोहोरको व्यवस्थापन , ढल तथा मानव मलमुत्रीय फोहोर व्यवस्थापन , वातावरणीय सरसफाईआदिका विषयमा आम संचारको प्रयोग , अनुशिक्षण, गोष्ठी तथा घरदैलो कार्यक्रम मार्फतजनचेतनामूलक क्रियाकलाप संचालन गरिने छ ।

च) खानेपानी, सरसफाई तथा स्वच्छता प्रबद्र्धनको व्यापक प्रचार प्रसार गर्नका लागि स्थानीय परिवेशर भाषा अनुरुप सूचना, शिक्षा र सञ्चार सामग्रीहरुको विकास र वितरण गरिनेछ ।

छ) खानेपानी , सरसफाइ तथा स्वच्छता सामाग्रीहरुको ग्रामीण क्षेत्रसम्म पहुँच विस्तार गर्न निजीक्षेत्रसँग सहकार्य गरीनेछ ।

ज) सबै घरधुरीमा चर्पी एवं संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमाशौचालयहरुको निर्माण गरी चर्पीमा सबैको पहुँच र साबुन पानी सहितको प्रयोगको सुनिश्चिततागरिने छ ।

झ)आवश्यकता अनुसार सबै सार्वजनिक (बजार, राजमार्ग, धार्मिक तथा पर्यटकीय स्थल लगायत) तथासंस्थागत शौचालयहरु प्रयोगकर्ता–मैत्री (वातावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गता र बृद्ध–मैत्री)बनाइनेछ।

ञ) घरधुरी , स्थानीय संघसंस्था क्लव , समूह, समिति आदि मार्फत घरायसी चर्पी , संस्थागत तथासार्वजनिक शौचालयहरुको नियमित मर्मतसंभार र स्तरोन्नती गरी स्वच्छता कायम गरिने छ ।बालबालिकाको दिसालाई सुरक्षित विर्सजन गरिनेछ ।

ञ) व्यक्तिगत स्वच्छता एवं साबुन पानीले हात धुने व्यवहारको विकासका लागि घर , संस्थागतनिकाय, सार्वजनिक शौचालय , होटेल, क्यान्टिन आदिमा साबुन पानी सहित हात धुने स्थानकोनिर्माण सम्बन्धित जिम्मेवार पक्षले गर्नुपर्नेछ ।

ट) समुदाय परिचालन, आम संचार, सूचना, शिक्षा, सञ्चार सामग्रीहरु मार्फत घरघर, टोलटोल रसंस्थाहरुमा खाना खानु अघि, बच्चालाई खाना खुवाउनु भन्दा अघि , दिसा गरेपछि, बच्चाको दिसाधोएपछि, फोहोर तथा विषादी आदि छोए पछि साबुन पानीले हात धुने लगायत थप व्यक्तिगतस्वच्छता प्रव र्द्धन सम्बन्धी ज्ञान , अभ्यासको प्रचार प्रसार र प्रदर्शनी गरिने छ ।

ठ) महिलाहरुको मासिक धर्मलाई प्राकृतिक प्रकृयाका रुपमा लिदैं यसको स्वच्छता र व्यवस्थापनकोलागि घरायसी, विद्यालय तथा संस्थागत निकायमा मासिक धर्म स्वच्छता व्यवस्थापनका लागिस्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं सुरक्षित विर्सजन सम्बन्धी ज्ञानको प्रचार प्रसार ण गरिनेछ । समुदाय, विद्यालय, संस्थागत निकाय तथा सार्वजनिक शौचालयहरुमा स्यानीटरी प्याडवा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था गरिने छ ।

ड) सरोकारवालाहरुसँग समन्वय र सहकार्यमा सबै घरधुरी , संस्थागत निकाय, सार्वजनिक स्थानहरुमाखानेपानी आयोजना निर्माण तथा पुर्नस्थापना र मर्मत सम्भार गरी आधारभूत स्तरको खानेपानीकोपहुँच सुनिश्चित गरिने छ ।

ढ) सुरक्षित खानेपानीमा अपाङ्गता भएका व्यक्तिहरु समेत सबैको पहुँच सुनिश्चित गरि खानेपानीआयोजना र यसका स्रोतहरु मुहान, इनार, ह्याण्डपम्प, कुवा, वर्षातको पानी संकलन टयांकीआदिको संरक्षण गरी सरसफाई र स्वच्छताका विभिन्न वैज्ञानिक उपायहरु अबलम्बन गरीकायम गरिनेछ ।

ण) घरायसी, संस्थागत तथा सार्वजनिक स्थानहरुमा पानीको सुरक्षित व्यवस्थापनका लागि ज्ञान ,सीप, अभ्यास सम्बन्धी जनचेतना अभिवृद्धि गरिने छ । निजी क्षेत्रसँगको सहकार्यमा घरायसी ,सस्थागत, सामुदायिक स्तरमा पानी प्रशोधन , शुद्धीकरण सम्बन्धी सामग्रीहरुको बजारीकरण गरीकुनै विधि (फिल्टर , सोडिस, उमाल्ने, क्लोरिनेशन वा अन्य)को छनौट गर्ने अवसर उपलब्ध गराइनेछ ।

त) समुदाय परिचालन र आम सञ्चार क्षेत्रद्धारा घरायसी तहमा खाना प्रयोग सम्बन्धी सुरक्षितव्यवहार जस्तै खाना राम्ररी पकाएर खाने , बासी खाना नखाने , खाएमा आवश्यक तापक्रम तथाशुद्धता कायम गरी खाने , फलफूल तथा काचैं खाने खाद्यन्न राम्ररी धोएर सफा गरी खाने आदिबानी व्यवहारको विकास गरिनेछ ।

थ) सम्बन्धित सरकारी, गैर सरकारी संस्था, उपभोक्ता सस्था, नागरिक समाज आदिको संयुक्तटोलीमार्फत संस्था, विद्यालय, होटल, रेस्टुरा, क्यान्टिन, होस्टेल आदिमा प्रयोग हुने खाना , खानापकाउने तथा खानेभाँडाको सफाइ र स्वच्छता कायम गर्नका लागि प्रभावकारी अनुगमन गरिनेछ ।

द) घरायसी एवं संस्थागत तहमा महिला स्वास्थ्य स्वयंसेविका, सामुदायक परिचालक एवं पूर्णसरसफाई स्वंयम सेवकहरु मार्फत घरायसी सरसफाईको महत्व , घर तथा संस्थाभित्र बाहिरसरसफाई , भान्सा तथा गोठको सरसफाई पशुपंक्षीको व्यवस्थापन , ठोस फोहोर संकलन ,वर्गीकरण, त्यसको पुन प्रयोग जस्ता कार्यहरु गर्न प्रोत्साहित गरिने छ ।

ध) घरायसी तथा संस्थागत निकायबाट निस्कासन भएको फोहोर पानीको व्यवस्थापन तथा प्रयोगसम्बन्धी ज्ञान, सीप सम्बन्धमा प्रशिक्षण तथा अभिमुखीकरण र प्रचारप्रसार गरिने छ ।

न) निजी तथा सहकारी क्षेत्रसँगको सहकार्य र समन्वयमा घरायसी , सामुदायिक तथा संस्थागत तहमाठोस (कुहिने र नकुहिने) तथा तरल फोहोर व्यवस्थापनका लागि स्थानीय परिवेशमा उपयुक्त हुनेप्रविधिको सिफारिस गर्नुका साथै आवश्यकता अनुसार निर्माण, व्यवस्थापन र संचालन गरिनेछ ।

प) घर , संस्था, कार्यालय, सामुदाय, सार्वजनिक स्थान आदिमा रहेको शौचालयको खाल्डो /सेप्टीकटयाङ्की भरिएपछि त्यहाँको मानव मलमुत्रीय फोहोरको उपचार गरी सुरक्षित स्थानमा विसर्जन गर्नस्थानीय स्तरमा संचालन गर्न सकिने प्रविधिको बजारीकरण गरी प्रयोग र संचालनमा ल्याइनेछ ।

फ) टोल विकास संस्था , क्लव, समिति आदिद्धारा सामुदायिक तथा सार्वजनिक सम्पत्ति , गाँउ, पालिका,टोल, बाटोघाटो, चौतारा, पाटीपौवा आदिको सरसफाई गरी सामुदायिक स्वच्छता प्रवर्द्धनमा सघाउपुर्याइनेछ ।

ब) गाउँपालिकाको पालिकान्मुख एवं पालिका क्षेत्रमा ठोस फोहोरमैलाको उचित संकलन , वर्गीकरण,ढुवानी, प्रशोधन, पुनः प्रयोग र अन्तिम निस्कासनको एकीकृत व्यवस्थापनका लागि स्यानिटरील्याण्डफिल साइटको निर्माण गर्न पहल गरिनेछ ।

भ) अस्पताल, उद्योगधन्दा तथा कलकारखानाबाट निस्कने ठोस तथा तरल फोहोर सोहि हाताभित्रसुरक्षित स्थानमा नेपाल सरकारले तोकेको मापदण्ड अनुसार व्यवस्थापन गरी अन्तिम विसर्जनकालागि हाताबाहिर निस्कासन गर्न दिइनेछ ।

म) पालिका एवं पालिकान्मुख क्षेत्रका घरायसी, सस्थागत, सार्वजनिक स्थानलाई ध्यानमा राखी व्यवस्थितढल प्रणालीको निर्माण गर्नका लागि योजना तर्जुमा गरिनेछ ।

य) दिर्घकालीन रुपमा पालिका र पालिकान्मुख क्षेत्रमा वधशालाहरुको निर्माण , वधशालाको सरसफाइ गर्नेकार्ययोजना बनाई तत्कालिन अवस्थामा पालिका र पालिकाउन्मुख क्षेत्रमा संचालित फ्रेसहाउस रतयसबाट निस्कने फोहोरको व्यवस्थापन गर्न सम्बन्धित व्यवसायीहरुलाई नै गर्न लगाइनेछ ।माथि उल्लेखित क्रियाकलापहरु सम्पन्न भए पश्चात् अनुसची १ को ४ बमोजिम स्व –घोषणा,अनुमोदन तथा प्रमाणीकरण गर्न सकिनेछ ।

२. पूर्ण सरसफाई उन्मुख क्षेत्र पूर्ण सरसफाई अभियान अन्तर्गत कुनै पनि क्षेत्रलाई सफा र स्वच्छ क्षेत्रघोषणा र कायम गरी सकेपछि निरन्तर रुपमा तपसिलमा उल्लिखित पूर्ण सरसफाई उन्मुखक्रियाकलापहरु संचालन गरिने छः

क) सफा र स्वच्छ क्षेत्र चरणमा संचालित योजना , कार्यक्रम, क्रियाकलापहरुको पुनरावलोकन गरिने छ। र आवश्यकता अनुसार सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख) घर, संस्था, शौचालयबाट ढल प्रणाली वा कुनै माध्यम मार्फत निश्चित स्थानमा सुरक्षित तरिकालेमानव मलमुत्रीय फोहोर (Faucal Sludge)निस्कासन तथा संकलन गरिने छ।यसरी संकलितमानव मलमुत्रीय फोहोर तथा फोहोरपानीलाई उपयुक्त प्रविधि मार्फत प्रशोधन गरी त्यहाँबाटनिस्केको वस्तुहरु (Products) लाई घरायसी सरसफाइ, कृषि वा अन्य क्षेत्रमा पुनःप्रयोगमा जोडदिइनेछ । निजी क्षेत्रसँग सहकार्य गरी यस्ता कार्यलाई अझ प्रभावकारी बनाईनेछ ।

ग) घर, संस्था, कार्यालयमा प्रयोग तथा पुर्नप्रयोग हुन नसकेको ठोस फोहोरमैलालाई स्रोतबाट सिधैसंकलन गरी स्यानिटरी ल्याण्डफिल्डमा सुरक्षित रुपमा स्थानान्तरण, प्रशोधन एवं विसर्जनकोव्यवस्था गरिनेछ ।

घ) स्थानीय निकाय र सरोकारवालाहरुको समन्वयमा वर्षातको पानी संकलन गरी प्रयोग गर्नप्रोत्साहन गरिनेछ।

ङ) पालिकान्मुख बस्ती तथा पालिका क्षेत्रमा फोहोरपानी तथा सतही ढलको व्यवस्था गरिनेछ ।

च) नदीनालाको सरसफाइ, पार्क निर्माण तथा हरियाली प्रवर्द्धनमा जोड दिइनेछ ।

छ) सरोकारवालाहरुसँगको समन्वयमा अस्पताल एवं औद्योगिक तथा कलकारखानाबाट उत्पादितजोखिमयूक्त फोहोरमैलाको सुरक्षित बिसर्जन गरिने छ ।

ज) सरोकारवालाहरुको समन्वयमा प्रयोगकर्ता –मैत्री उच्च गुणस्तरका खानेपानी , सरसफाइ रस्वच्छताका सुविधाहरु प्रवर्द्धन र विकास गरी पूर्ण सरसफाइ उन्मुख क्षेत्र निर्माणमा केन्द्रित रहन

३. सफा र स्वच्छ अवस्था एवं पूर्ण सरसफाईका सूचकहरूपूर्ण सरसफाइ अभियान अन्तर्गत सफा र स्वच्छ क्षेत्र एवं पूर्ण सरसफाइ उन्मुख क्षेत्रको स्व –अनुगमन वा प्रमाणीकरणका लागि अनुगमन गर्दा निम्न लिखित सूचकहरुलाई आधार मानी उक्तक्षेत्रको अवस्थाको लेखाजोखा , घोषणा एवं प्रमाणीकरणको अनुमोदन प्रकृया अवलम्बन गरिने छ ।

क) सफा र स्वच्छ अवस्था क्षेत्र घोषणा चरणका सूचकहरुतल दिइएका ७ वटा मुख्य सूचकहरु अध्ययन गरी सो हासिल भएको पाईएमा कुनै क्षेत्रलाई सफार स्वच्छ क्षेत्र भनी स्व–घोषणा वा प्रमाणीकरण गर्न सकिने छ ।

१. योजना तर्जुमा तथा व्यवस्थापन

- समन्वय समिति सक्रिय रहेको,
- WASH Plan तर्जुमा भएको

२. चर्पीको समुचित प्रयोग

- प्रत्येक घरधुरी , संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माणभई प्रयोग भएको,
- साबुन पानी सहितको सुरक्षित, सफा चर्पी भएको,
- खुला ठाँउमा दिसा नभेटिएको,
- संघसंस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्री भएको,

३. व्यक्तिगत सरसफाइ

- प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानी सहितको हात धुने स्थान बनाएको,
- घर, विद्यालय संघसस्था र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने सुविधा (स्थान रसावुन पानी) भएको ,

- घर, विद्यालय, स्वास्थ्य सस्ंथा , कार्यालयहरुमा साबुन पानीले हात धुने , महिलाको मासिक धर्मव्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको,
- व्यक्तिगत सरसफाइमा ध्यान पुर्याएको (समुदायका सदस्य, विद्यालयकाविद्यार्थी/शिक्षक/कर्मचारी, होटेल र रेष्टुराका कर्मचारी/व्यवस्थापक समेत)

४. सुरक्षित पानीमा पहुँच तथा प्रयोग

- आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएको,
- खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी , विद्यालय,संघसंस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको,
- घरायसी पानी शुद्धीकरणका आवश्यक सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको,

५. सुरक्षित खानाको प्र्योग

- घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेको र बासी तथा सडेगलेकोखाना नखाने /नबेच्ने गरेको
- खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको,
- फलफूल तथा खानेकुराहरु राम्रोसंग सफा गरेर एवं पकाएर , तताएर खाने, खुवाउने गरेको,सुरक्षित खानाको अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमाअनुगमन हुने गरेको,

६. घरायसी एवं संस्ंथागत सरसफाई

- घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफा रहेको,
- विद्यालय, संघसस्ंथा र सार्वजनिक शौचालयहरुमा मासिक धर्म /महिनावारीमा प्रयोगगरिएका स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको,
- घर आगँन एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने रनकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एवं विद्यालय , संघसंस्थाबाटनिस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएको,
- अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथाविसर्जन सोही संस्थाले गर्ने गरेको,
- उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको,
- भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुँवा रहित चुल्होको प्रयोग भएको,

७. वातावरणीय सरसफाई

- ८ सरसफाइ समिति गठन भएको,
- घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर (मानव मलमुत्र बाहेक) व्यवस्थापनकोआवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएको (पक्की वाटरशील चर्पी र व्यवस्थित सेप्टीकट्याकमा जोडिएको,
- मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट् यांकीमा जोडिएको पक्की वाटरसीलचर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको,
- पालिका वा पालिकान्मुख क्षेत्रबाट निस्कने फोहोरमैला (ठोस तथा तरल) को उचितव्यवस्थापन भएको,
- पालिका र पालिकान्मुख क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थानको लागि स्यानिटरी ल्याण्डफिलसाइटको पहिचान गरी निर्माणका योजना तर्जुमा भएको,
- व्यवस्थित ढल प्रणाली (मानव मल मुत्रीय फोहोरको व्यवस्थापन वा वैज्ञानिकफोहोरपानी प्रशोधन प्रणाली) को योजना तर्जुमा भएको,

ख) पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोेषणा चरणका सूचकहरु

- प्रयोगकर्ता –मैत्री गुणस्तरीय चर्पी निर्माण भएको,
- नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा सबैको पहुँच भएको,
- ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीकट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको
- पालिका र पालिकान्मुख क्षेत्रमा प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको,
- ठोस फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यकता अनुसार स्यानिटरी ल्याण्ड फिल्ड साइटकोनिर्माण गरी संचालनमा रहेको,
- पालिका र पालिकान्मुख क्षेत्रमा सम्भव भए सम्म फोहोरमैलाको कम उत्त्पादन, पुनःप्रयोगर रिसाइकल गर्ने व्यवस्था भएको,
- आकासे पानी संकलन र उपयोग गरेको,
- नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेको,
- वस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको,

४. स्व–घोषणा, अनुमोदन तथा प्रमाणीकरण

क)पूर्ण सरसफाइ अभियानलाई निरन्तर रुपमा संचालन गर्दै जादा गाउँपालिकाले सरसफाइकाक्रियाकलापहरुको स्व –अनुगमन, अवलोकन, मूल्याङ्कन एवं स्तरोन्नती कार्यलाई निरन्तर रुपमासंचालन गर्ने छ।

ख) पूर्ण सरसफाई अभियान संचालन गर्ने क्रममा अनुसुची ३ को (क) २ चर्पीको समुचित प्रयोगकासुचकहरु पुरा गर्न खुला दिशा मुक्त घोषणा कार्यलाई प्राथमिकतामा राख्नु पर्नेछ।खुल्लादिशामुक्त घोषणा प्रमाणिकरण अनुसुची ५ अनुगमनका सूचकहरु र प्रमाणीकरण गर्ने आधारमारहि प्रमाणिकरण गर्नु पर्ने छ ।

ग) खुला दिशामुक्त घोषणा पछि कुनै वडाले संचालित पूर्ण सरसफाइका सफा र स्वच्छक्षेत्रका क्रियाकलापहरु पूरा गरेपछि सम्बन्धित वडा समिति वा कार्यदलले उक्त क्षेत्रकोअनुगमन गरी सफा र स्वच्छ क्षेत्रका उल्लिखित सूचकहरु पूरा भएको अवस्थामा आफ्नो क्षेत्रलाईसफा र स्वच्छ क्षेत्रका रुपमा स्व–घोषणा गर्नुभन्दा अगाडि अनुसूची ८ अनुसारको स्टीकरतयार गरी प्रत्येक घरधुरीमा वितरण गर्नेछ र स्व –घोषणा गर्न सक्ने छ । यसरी सफा रस्वच्छ घोषणा गरिए पछि त्यस क्षेत्रलाई गाउँपालिका स्तरिय समितिबाट अनुगमन तथाअवलोकनस्तरिय समितिको प्रमाणीकरण पश्चात वडाले आफ्नो कार्यालयमा पनि अनुसूची ८ अनुसारको स्टीकरटाँस्न पाउनेछ ।

घ) कुनै पनि वडामा संचालित पूर्ण सरसफाइ अभियानका क्रियाकलापहरुको स्व –अनुगमन तथाअनुगमन गर्दा माथि उल्लिखित सफा र स्वच्छ क्षेत्रका सम्वन्धित सूचकहरुलाई आधारमानी सफा र स्वच्छ अवस्था कायम भए वा नभएको सुनिश्चितता गरिने छ।सबैवडाका सफा र स्वच्छ क्षेत्र कायम भएपछि क्रमश नपा क्षेत्रलाई सोही प्रकृया अनुरुपसफा र स्वच्छ क्षेत्र स्व घोषणा तथा अनुमोदन एवं प्रमाणीकरण गरिने छ ।

घ) यदि कुनै वडाले त्यसको कुनै वस्ती वा टोललाई सफा र स्वच्छ क्षेत्र वा पूर्ण सरसफाईउन्मुख क्षेत्र प्रमाणीकरण गराउन औपचारिक अनुरोध गरेमा गाउँपालिका स्तरीयखानेपानी,सरसफाई तथा स्वच्छता समितिले ७ दिन भित्र अनुगमन कार्यदल गठन गरीसम्बन्धित निकाय वा क्षेत्रमा अनुगमनका लागि खटाउने छ । उक्त अनुगमनमा खटिएकोटोलीले अनुसुची ३ (क) मा उल्लेख गरिएका पूर्ण सरसफाई का सूचकहरु समेटिएकोसूचना संकलन फाराम तथा कार्यविधि अनुसार अवलोकन , छलफल, आवश्यक सूचनासंकलन गरी उक्त क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र प्रमाणीकरण गर्न उपयुक्त छ /छैन ठोसराय सहितको प्रतिवेदन पालिका स्तरिय समितिमा पेश गर्नेछ । प्रतिवेदन पेश गरेको मितिले बढीमा७ दिनभित्र समितिको बैठक बसी सफा र स्वच्छ क्षेत्र प्रमाणीकरण गर्न योग्य भए नभएकोजानकारी गराउने छ।यदि योग्य नभएमा सम्बन्धित समन्वय समितिलाई सफा र स्वच्छ क्षेत्रहासिलका लागि गर्नु पर्ने क्रियाकलापहरुको सुझाव सहित पत्राचार गर्नु पर्नेछ।र सूचकहरुपुरा गरेको अवस्थामा सफा र स्वच्छ क्षेत्र अनुमोदन एवं कायम गर्न सकिने पत्राचार

गर्नु पर्नेछ।

ङ) स्वघोषणा गर्दा वा अनुमोदन गर्दा सो सम्बन्धी सूचक पूरा गरेको प्रमाण –पत्र उपलब्धगराउनु पर्नेछ । कुनै क्षेत्रमा सफा र स्वच्छ क्षेत्रका सूचकहरु पूरा गरी अनुमोदन वा स्वघोषणाभई भएपछि वा सँगसगै पूर्ण सरसफाइ उन्मुख क्रियालकलापहरु संचालन गरिनेछ।पूर्ण सरसफाइ सम्बन्धी माथि उल्लिखित क्रियाकलापहरु सञ्चालन गरेर बुँदा ३ (ख)का सूचकहरुहासिल गरे पश्चात् उक्त क्षेत्रलाई पूर्ण सरसफाइ उन्मुख अवस्थाका रुपमा स्व –घोषणा गर्नुकासाथै प्रमाणीकरण गर्न सकिने छ । साथै सफा र स्वच्छ क्षेत्र जस्तै स्व–अनुगमन, अनुमोदन,स्वघोषणा तथा प्रमाणीकरण प्रकृया अवलम्बन गरिने छ ।

## अनुसूची २
## दफा ८ सँग सम्बन्धित

अनुगमन विधिहरुः

**१.स्व–अनुगमनः** सरसफाइ अभियानका गाउँतहदेखि केन्दसम्म आफूले गरेका कामहरु रकार्यक्रमका उपलब्धिहरुलाई कार्यान्वयनकर्ता संस्था स्वयंले गर्ने गरी सम्बन्धित सरोकारवालाहरुकोसहभागितामा वार्षिक स्व–अनुगमन गरिने छ ।

**२. संयूक्त अनुगमनः** विभिन्न तहका समन्वय समिति , सहयोगी निकाय, सञ्चारकर्मी,नागरिक समाज, राजनीतिक दल, शिक्षक, विज्ञ तथा लाभान्वित समुदाय आदि सम्मिलित समूहबाटसंयुक्त रुपमा अनुगमन गरिने छ । यस्तो अनुगमन एक तह माथिको समन्वय समितिबाट वर्षमा कम्तिमा१ पटक गरिने छ ।

**३.प्रभाव अध्ययनः** पूर्ण सरसफाइका क्रियाकलापहरुको प्रभावका सम्बन्धमा जिल्ला , क्षेत्र र केन्द्रलेमातहतका क्रियाकलापहरुको प्रभाव अध्ययन तथा मूल्याङ्कन गर्ने छ ।

**४.प्रतिवेदन, अभिलेखीकरण र व्यवस्थापनः**

- सरसफाइ प्रवर्द्धन र प्राप्त उपलब्धिको प्रतिवेदन तयारी र अभिलेखीकरण प्रयोजनका लागितथ्याङ्क व्यवस्थापन प्रणालीको उपयुक्त संरचना र विधि अपनाइने छ । यसका लागिगा.पा तहको तथ्याङ्क व्यवस्थापन गाउँपालिका स्तरमा गरिने छ ।
- वडाका समन्वय समितिले नियमित रुपमा आफ्नो गा.पाका क्षेत्रभित्र रहेका घरपरिवार ,संस्था र सार्वजनिक स्थानमा प्रयोगमा रहेका चर्पी /शौचालयको विवरण, खानेपानी सेवाको पहुँच,हात धुने १२ स्थलको व्यवस्था, फोहोरमैला व्यवस्थापन लगायतका अन्य सान्दर्भिकविषयहरु समावेश गरी तथ्याङ्क संकलन तथा अद्यावधिक गरी अभिलेखीकरण गर्नु पर्नेछ ।यस प्रकारको सूचनाको अभिलेखीकरण गर्दा उक्त विषयसँग सम्बन्धित बानी व्यवहारकापक्षहरु , राम्रा सिकाई तथा अभ्यासहरु र सफलताका अनुभवहरु समेत समावेश गर्नु पर्नेछ ।

- वडाहरुले सरसफाई सँग सम्बन्धित मात्रात्मक तथा गुणात्मक अभिलेख समेटेर प्रतिवेदनतयार गरी अषाढ १५ गते भित्र गाउँ कार्यपालिकाको सम्बन्धित शाखामा पेश गर्नुपर्नेछ ।
- गा.पाले सरसफाई सँग सम्बन्धित मात्रात्मक तथा गुणात्मक अभिलेख समेटेर प्रतिवेदनतयार गरी श्रावण १५ गते भित्र जिल्ला समन्वय समितिको सचिवालयमा पेश गर्नुपर्ने छ ।

## अनुसुची ३

## सरोकारवालाहरुको भुमिका र जिम्मेवारी

| क्र.स | सरोकारवालाहरु | जिम्मेवारी |
|---|---|---|
| १ | व्यक्ति | • चर्पीको समुचित प्रयोग, सरसफाइ, मर्मत सम्भार, व्यक्तिगत सरसफाइ गर्ने<br>• स्वस्थकर बानी व्यवहार अवलम्बन गर्ने<br>• घर आँगनको सरसफाइ गर्ने<br>• सरसफाइ प्रति सचेत नागरिकको रुपमा सार्वजनिक दायित्व निर्वाह गर्ने। |
| २ | घरपरिवार | • चर्पीको निमार्ण, समुचित प्रयोग, सरसफाइ र मर्मत सम्भार गर्ने<br>• सरसफाइ सम्बन्धी सामाजिकीकरण गर्ने<br>• पानी र खानाको स्वच्छता कायम राख्ने<br>• घर आँगन र वरिपरिको सरसफाइ र बगैचा व्यवस्थापन गर्ने<br>• स्वच्छकर बानी व्यवहार विकासका लागि परिवारका सदस्य र छिमेकीलाई अभिप्रेरणा गर्ने<br>• घरधुरीबाट निस्किने फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने |
| ३ | विद्यालय, विश्व विद्यालय, महाविद्यालय तथा अनुसन्धान संस्थाहरु | • सरसफाइका विषयवस्तुलाई पाठयपुस्तकमा समावेश गर्ने्<br>• पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यवन गर्ने<br>• विद्यार्थी बाल क्लव गठन तथा सक्रियता गराउने<br>• बालमैत्री, लैङ्गिकमैत्री चर्पी, यूरिनल तथा खानेपानी सुविधा निर्माण , प्रयोग,<br>• सरसफाइ तथा मर्मत सम्भार गर्ने<br>• पानीको स्वच्छता कायम राख्ने<br>• वरिपरिको सरसफाइ कायम राख्ने<br>• स्वच्छकर बानी व्यवहार विकासका लागि विद्यार्थी र समुदायलाई |

| | | |
|---|---|---|
| | | अभिप्रेरणा गर्ने<br>• फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>• विपदको समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना् र सामग्री वितरणमा सहयोग गर्ने<br>• समुदाय तथा अध्ययनकर्ताहरुका लागि सरसफाइ सिकाइ केन्द्रका रुपमा विकास हुनेअनुसन्धान र विकासका क्रियाकलापहरु संचालन गर्ने<br>• सफा र स्वच्छ विद्यालय तथा कलेज प्रवद्र्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| ४ | गाउँ टोल | • पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यवन गर्ने<br>• गाउँ टोल समूहको गठन तथा सक्रियता गराउने<br>• प्रयोगकर्ता–मैत्री सरसफाइ सुविधाको स्तरोन्नती र मर्मत सम्भार गर्ने<br>• खानेपानीको मुहान संरक्षण , पानीको शुद्धीकरण र स्वच्छता कायम राख्ने<br>• गाँउ टोल र वरिपरिको सरसफाइ कायम राख्ने<br>• सार्वजनिक शौचालयको निर्माण , व्यवस्थापन, सरसफाइ र मर्मत सम्भार गर्ने<br>• स्वच्छकर बानी ब्यवहार विकासका लागि घरधुरी र नागरिक समुदायलाई अभिप्रेरणा गर्ने<br>• फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>• वृक्षारोपण, हरियाली पार्क, बगैचा, चौताराको निर्माण र संरक्षण गर्ने<br>• सफा र स्वच्छ गाँउ टोल विकास गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| ५ | उपभोक्ता समित(खानेपानी तथा सरसफाई, बजार व्यवस्थापन समिति, वन व्यवस्थापन समिति) | • लक्षित समूह , संगठन समुदायलाई सगठित , सूसुचित र सक्रिय बनाउने<br>• नीति नियम, आचार संहिता तर्जुमा गर्ने र गराउने<br>• स्थानीय स्रोत साधन परिचालन गर्ने<br>• अवस्था विश्लेषण, तथ्याक संकलन गर्न सहयोग पु¥याउने<br>• विपदको समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुर्याउने<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुर्याउने<br>• सरोकारवालाहरु तथा समन्वय समितिसँग समन्वय गर्ने<br>• सुविधाहरुको मर्मत, सरसफाइ र व्यवस्थापनमा सहयोग पुर्याउने |
| ६ | पशु पधशाला संचालक/ फ्रेस | • उचित स्थानमा वधशाला/फ्रेस हाउस निर्माण र संचालन गर्ने<br>• वधशालाको सरसफाइ र त्यहाँबाट निस्केको फोहोर व्यवस्थापन गर्ने |

| | | |
|---|---|---|
| | हाउस संचालक | • मासुको स्वच्छता कायम राख्ने |
| ७ | सरकारी गै .स.स. र नीजि सरोकारवालाहरु कार्यालय लगायत सबै | • प्रयोगकर्ता–मैत्री चर्पी, यूरिनल तथा खानेपानी सुविधा निर्माण , प्रयोग तथा मर्मत सम्भार गर्ने<br>• पानीको स्वच्छता कायम राख्ने<br>• वरिपरिको सरसफाइ कायम राख्ने<br>• स्वच्छकर बानी ब्यवहार विकासका लागि कर्मचारी र सेवाग्राहीलाई अभिप्रेरणा गर्ने<br>• फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>• विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना रसामग्री वितरणमा सहयोग पुर्याउने<br>• सफा र स्वच्छ कार्यालय प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| ८ | महिला स्वास्थ्य स्वयम सेविका र स्वास्थ्य कार्यकर्ता | • प्राविधिक ज्ञान, सीप र सचेतना विस्तार गर्ने<br>• सामुदायिक सशक्तिकरण र सक्रियतामा वृद्धि गर्ने<br>• अभिमुखीकरण र ट्रिगरिङ्ग गर्ने<br>• अवस्था विश्लेषण, तथ्याक संकलन गर्न सहयोग पुर्याउर्ने<br>• सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण<br>• विपदको समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग गर्ने<br>• सफा र स्वच्छ आनीवानी प्रदर्शन गरी नमुनाका रुपमा प्रस्तुत हुनुपर्ने<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुर्याउने |
| ९ | शिक्षक,विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघ | • जीवन उपयोगी ज्ञान, सीप, अभ्यास र सचेतना विस्तार गर्ने<br>• विद्यार्थी, विद्यालय परिवार र समुदायको सशक्तिकरण र सक्रियता वृद्धि गर्ने<br>• अभिमुखीकरण र तालिम सञ्चालन गर्ने<br>• अवस्था विश्लेषण, सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण गर्ने<br>• विपदको समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुर्याउने<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुर्याउने<br>• सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| १० | विद्यार्थि बाल क्लबहरु | • विद्यालय सेवा क्षेत्रभित्र सरसफाइ क्यालेन्डर बनाइ कार्यक्रम संचालन गर्ने<br>• सरसफाइका सुविधाहरु एवं कक्षा कोठा र वरिपरिको वातावरणीय सरसफाइ गर्ने |

| | | |
|---|---|---|
| | | • तथ्याक संकलन, सचेतनामूलक कायक्रम संचालनमा सहभागी हुने<br>• अविभावकहरुलाई सरसफाइ प्रवद्र्धन गर्न अभिप्रेरित गर्ने<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुर्याउने<br>• सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुन |
| ११ | स्थानीय क्लब र समुहहरु | • प्राविधिक ज्ञान, सीप र सचेतना विस्तार गर्ने<br>• सामुदायिक सशक्तिकरण र सक्रियता वृद्धि गर्न सहयोग पुर्याउने<br>• अभिमुखीकरण र ट्रिगरिङ्ग गर्न सहयोग पुर्याउने<br>• अवस्था विश्लेषण, तथ्याक संकलन गर्न सहयोग पुर्याउने<br>• सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण गर्न सहयोग पुर्याउने<br>• विपदको समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुर्याउने<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुर्याउन |
| १२ | वित्तीय संस्था तथा सहकारीहरु | • सरसफाइ सामग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने<br>• सहुलियत व्याँज दरमा ऋण प्रदान गर्ने<br>• सामग्रीहरुको बजारीकरण र वितरण गर्ने |
| १३ | संचारकर्मि तथा नागरिक समाज | • सन्देशमूलक सामग्रीहरुको प्रचारप्रसार गर्ने<br>• अध्ययन, अवलोकन र सफल कथाहरुको प्रचारप्रसार गर्ने<br>• अनुगमन र पैरवी गर्ने |
| १४ | निजी क्षेत्रका व्यवसायी मठ मन्दिर संचालक आदि | • सरसफाइ सामग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने<br>• फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन गर्ने<br>• कार्यस्थल र सेवाको सरसफाइ र स्वच्छता कायम गर्ने<br>• सरसफाइ तथा स्वच्छता अभियानमा कर्मचारी , संगठन र निकायहरुलाई परिचालन गर्ने |

**ख) नीति निर्माण तथा समन्वय तह**

| क.स. | सरोकारवालाहरु | कार्यक्षेत्र |
|---|---|---|
| १ | गाउँपालिका र वडा | क्षेत्रगत सरोकारवालाहरुसँग समन्वय तथा स्रोत साधन पहिचान गर्ने सरसफाइका मुद्धाहरुलाई स्थानीय, प्रदेश , राष्ट्रिय र अन्तराष्ट्रिय तहमा पैरवी गर्ने रणनीतिक योजना तथा कार्ययोजना तजुमा गर्न सहयोग र कार्यान्वयन गर्न्ने बजेट तथा मानव संसाधन व्यवस्थापन गर्न सहयोग पु र्याउने नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने |

| | | |
|---|---|---|
| | | अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने । |
| २ | प्रदेश तथा जिल्ला तहका कार्यालयहरु | नीति र रणनीति र योजना तर्जुमा र कार्यान्वयन गर्ने बजेट तथा मानव संसाधन व्यवस्थापन गर्ने समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने |
| ३ | विकास साझेदार संस्थाहरु | क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनमा गाउँपालिका र वडा र समन्वय समितिलाई प्राविधिक तथा आर्थिक सहयोग गर्ने अनुसन्धान रविकासका कार्यहरुसंचालन गर्ने |
| ४ | राजनीतिक दल र दलका भातृसंगठनहरु | सरसफाइलाई पालिका विकासको महत्वपूर्ण मूलधारका रुपमा स्थापित गर्ने सरसफाइका लागि अभियान र मानविय श्रोतको परिचालन गर्ने । |

**अनुसुची ४**

**खानेपानी सरसरफाई र स्वस्च्छता अन्तर्निहित विषयहरु**

पुर्ण सरसफाइकाअन्तर्निहित विषयहरु र सम्बोधन गर्ने उपायहरु तलको तालिकामा उल्लेख गरिएका छन्

| क्र.स. | अन्तर सम्बन्धित विषयहरु | सम्बोधन गर्ने उपायहरु |
|---|---|---|
| १ | सामाजिक समावेशिकरण | • हरेक तहका समन्वय समिति तथा कार्यदलहरुमा समुदायका सवै वर्ग र समूहको प्रतिनिधित्व सहित कम्तिमा पनि ३३%महिलाको सहभागितासुनिश्चित गर्ने ।<br>• लैंगिक तथा सामाजिक वर्ग , समूहका संवेदनशील तथ्यांक तैयारी गर्ने ।<br>• क्षमता अभिवृद्धिका क्रियाकलाप संचालन गर्दा अनिवार्यतः लैंगिक सन्तुलन कायम गरी सहभागीहरुको चयन गर्ने ।<br>• पूर्ण सरसफाइ जनचेतनामूलक सामग्री विकास गर्दा लैंगिक पक्ष रसमावेशितामा ध्यान दिने ।<br>• लैगिक, अपांग, बाल, वृद्ध सम्वेदनशील सुविधाहरु प्रवर्द्वन गर्ने।<br>• आयआर्जन र जीविकोपार्जनमुखी सरसफाइका क्रियाकलापहरु प्रवर्द्धन गर्ने |
| २ | पोषण(जन-वास्थ्यको कार्यक्रमहरुसँग बढी सम्बन्धित) | • सरसफाइ र पोषणको अन्तरसम्बन्ध झल्किने गरी शैक्षिक एवं जनचेतनामूलक सामग्री विकास तथा प्रचार प्रसार गर्ने ।<br>• गरिबी निवारण र पोषणसँग सम्बन्धित कार्यक्रम संचालन गर्दा चर्पी निर्माण र प्रयोग एवं साबुन पानीले हात धुनेक्रियाकलापको सुनिश्चितता गर्ने ।<br>• सुरक्षित मातृत्व र स्तनपान सम्बन्धी जनचेतनामूलक क्रियाकलापहरु संचालन गर्दा चर्पी प्रयोग र साबुन पानीले हात |

| | | |
|---|---|---|
| | | धुनेक्रियाकलापहरुलाई प्राथमिकता दिने ।<br>• स्वास्थ्य मन्त्रालयद्वारा संचालित एकीकृत पोषण व्यवस्थापन कार्यक्रमसँग खानेपानी , सरसफाइ र स्वच्छता सम्बन्धी क्रियाकलापतथा सुविधाहरु प्रवर्द्धन गर्ने । |
| ३ | मासिक धर्म स्वच्छता(महिनावारी स्वच्छता, जनस्वास्थ्य र शिक्षा सँग प्रत्यक्ष सम्बन्धित) | • विद्यालय, सार्वजनिक भवन र सरकारी तथा गै.स.स. कार्यालयहरुमा अनिवार्यतः चर्पीको साथमा महिनावारीसंग सम्बन्धित पक्षहरु(जस्तै स्यानीटरी प्याड लगायत सफाइ सम्बन्धी अन्य सामग्रीहरु सफा गर्ने , फेर्ने, फ्याल्न र जलाउन मिल्ने सुविधाहरु) समेतकोव्यवस्था गर्ने ।<br>• सरसफाइ सम्बन्धी विद्यालय र समुदाय स्तरीय क्रियाकलापहरु संचालन गर्दा महिनावारी स्वच्छताका विषयहरु समावेश गर्ने ।<br>• महिनावारी स्वच्छता व्यवस्थापनका लागि जनचेतनामूलक सामग्री,स्यानीटरी प्याडको निर्माण, विकास तथा प्रचारप्रसार गर्ने । |
| ४ | जलवायु परिवर्तन (वातावरण विज्ञान र प्रविधि अनुसन्धान जलस्रोत जनस्वास्थ्य आदिसँग बढी सम्बन्धित) | • जलवायु परिवर्तन सम्बन्धी क्षेत्रगत कार्य समूह स्थापना गर्ने ।<br>• जलवायु परिवर्तनले खानेपानी तथा सरसफाइ क्षेत्रमा परेको असरहरुको वैज्ञानिक तथ्यहरु व्यवस्थित गर्न त्यसका आधारमासुधारका योजनाहरुतर्जुमा गर्ने ।<br>• विद्यालय तथा विश्व विद्यालय तहका पाठयपुस्तकहरुमा जलवायु परिवर्तन सम्बन्धी विषयहरु समावेश गर्ने ।<br>• वर्षातको पानी संकलन तथा स्थानीय स्तरमा उपयुक्त हुने अन्य प्रविधिको् विस्तार गरी जलवायु परिवर्तनको जोखिमन्यूनिकरण गर्ने ।<br>• जलवायु परिवर्तनका कारक तत्व मानिएका घरायसी र सामुदायिक तहमाप्रयोग भइ रहेका सामग्रीहरुको न्यून रुपमा प्रयोग गर्नजनचेतनामूलक क्रियाकलाप संचालन गन ।<br>• जलवायु परिवर्तनको सवाललाई खानेपानी संस्थाको क्षेत्रको नीतिभित्र समावेश गर्न दीर्घकालीन र दिगो व्यवस्थापनको कार्यक्रमसंचालन गर्ने ।<br>• अनुगमनका क्षेत्रगत सूचकहरु तयार गर्दा जलवायु परिवर्तनकासवाल/मुद्दाहरु समावेश गर्ने ।<br>• जलवायु परिवर्तनको असर न्यूनिकरणसँग सान्दर्भिक पद्धति , प्रविधि, मौलिक ज्ञान तथा सीप , क्षमता अभिवृद्धि , सूचना प्रणाली,वैकल्पिक उपायहरु आदि सम्बन्धी विषयहरुमा |

| | | |
|---|---|---|
| | | अनुसन्धान र विकास गर्ने । |
| ५ | आपत् कालिन पुर्वतयारी (गृह मन्त्रालय सशरी विकास मन्त्रालय संघीय मामिला तथा स्थानीइ विकास मन्त्रालय खानेपानी तथा सरसफाई मन्त्रालय आवास सँग सम्बन्धित) | • आपतकालीन अवस्थामा जोखिम आँकलन र खानेपानी , सरसफाई, तथा स्वच्छता क्षेत्रले विपद् व्यवस्थापनमा वहन गर्नु पर्नेजिम्मेवारी निर्वाह गर्ने विभिन्न तहका समन्वय समितिहरुको क्षमता र सीप अभिवृद्धि गर्ने विभिन्न क्लस्टरहरुसँग वासक्लस्टरको समन्वय गर्ने ।<br>• विपद् सम्बन्धी योजना सहित सेवा सुविधाको मानक तथा नर्म्स रसहयोगका प्याकेज समेटी रणनीतिक कार्य योजना तयार गर्ने<br>• जोखिमको नक्सांकन गर्ने ।<br>• आपत्कालिन सरसफाइ कोष स्थापना गर्ने ।<br>• क्लोरिन र औषधिको भण्डारण मजबुत राख्ने ।<br>• चर्पी निर्माण गर्ने सामग्रीको यथेष्ठ भण्डारण गर्ने ।<br>• पानीको गुणस्तर जाँच्ने विधि –औजार/उपकरणको व्यवस्था गर्ने ।<br>• विपद्को अवस्थामा खानेपानी सरसफाइ तथा स्वच्छताका निमित्त तालिम प्राप्त सहजकर्ता/स्वयंसेवकहरु परिचालन गर्ने ।<br>• मानवीय सहयोगको लागि क्षमता अभिवृद्धि गर्ने र भविष्यमा हुन सक्ने विपद्को लागि तालिम प्राप्त मानव संसाधन तैयारीअवस्थामामा राख्ने ।<br>• आपतकालिन अवस्थाको लागि शीघ्र रेस्पोन्स पद्धतिको विकास र अवलम्बन् गर्ने ।<br>• हरेक जिल्लामा जगेडा कोष व्यवस्थापन गर्ने ।<br>• स्वयंसेवकको व्यापक परिचालन गर्ने ।<br>• सूचना व्यवस्थापन सुदृढ गर्ने ।<br>• विपदको बेला साबुन पानीले हात धुने , सफा पानी, सुविधाको उचित मर्मत् सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमाध्यान दिने ।<br>• हरेक तहका समन्वय समितिहरुलाई बजेट व्यवस्थापन , समन्वय, मानवसंसाधन परिचालन , काष व्यवस्थापन , सूचना व्यवस्थापन र अनुगमनको कार्यमा जिम्मेवार बनाउने । |
| ६ | बानी व्यहोरा विकास तथा परिवर्तन | • मौजुदा सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यहोराको विश्लेषण गर्ने । लक्षित समूहको लेखाजोखा र सक्षमता अभिवृद्धि गर्नेअपेक्षित बानी व्यहोराको पहिचान गर्ने ।<br>• बानी व्यहोरा विकास तथा परिवर्तनमा बाधा पु ¥याउने र |

| | | |
|---|---|---|
| | | सहयोग गर्ने पक्षहरुको खोजी गर्ने ।<br>• लक्षित समूहले रुचाउने सन्देश पहिचान गर्ने ।<br>• सामग्री र माध्यमहरुको चयन गर्ने ।<br>• संचार तथा तालिम आवश्यकता पहिचान गर्ने ।<br>• प्रमाणमा आधारित पैरवी तथा संचार प्याकेजहरुको प्रयोग गर्ने ।<br>• अपेक्षित बानी व्यहोरा हासिल हुन सके नसकेको अनुगमन र मूल्यांकन गर्ने । |

## अनुसुची ५

## अनुगमनका सुचकहरु र प्रमाणीकरण गर्ने आधारहरु

| सुचकहरु | प्रमाणित गर्ने आधार |
|---|---|
| **सफार र स्वच्छ क्षेत्र** | |
| **योजना तर्जुमा र व्यवस्थापन** | |
| • समन्वय समिति सक्रिय रहेको<br>• WASH Plan तर्जुमा भएको<br>• क्षमता विकासको लागि तालिमहरु सैचालन गरिएको | • समन्वय समितिको बैठक नियमित बस्छ/बस्दैन सोध्ने<br>• बैठकको माइन्युट अवलोकन गर्ने<br>• WASH Plan तर्जुमा भए नभएको सोध्ने र एकिन गरी अवलोकन गर्ने<br>• तालिमहरु संचालन भए नभएको सोध्ने र तालिम प्रतिवेदन हेर्ने |
| **समुचित तरिकाले चर्पीको प्रयोग** | |
| • प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको,<br>• साबुन पानी सहितको सुरक्षित , सफा चर्पी भएको,<br>• खुला ठाँउमा दिसा नभेटिएको,<br>• संघसंस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्री भएका | • घर, संघसंस्था निकाय र आवश्यकता अनुसार सार्वजनिक शौचालय बने नबनेकोस्याम्पिलिङ्गका आधारमा अवलोकन तथा सोधपुछ गर्ने<br>• चर्पी सावुन पानी सहित सफा छ छैन अवलोकन गर्ने<br>• संघ सस्था एवं सार्वजनिक शौचालय प्रयोगकर्ता मैत्री छन् /छैनन् अवलोकन गर्ने |
| **व्यक्तिगत सरसफाई** | |
| • प्रत्येक घरले उपयुक्त स्थानमा साबुन | • घर, व्यक्ति, संघसंस्थाका व्यक्तिहरुको स्वच्छता अवलोकन गर्ने तथा ज्ञान सम्बन्धीसोधपुछ गर्ने |

| | |
|---|---|
| पानीसहितको हात धुने स्थान बनाएको,<br>• घर, विद्यालय संघसस्ंथा र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुनेसुविधा (स्थान र सावुन पानी) भएका,<br>• घर, विद्यालय, स्वास्थ्य सस्ंथा , कार्यालयहरुमा सावुन पानीले हात धुने , महिलाकोमासिक धर्म व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको,<br>• व्यक्तिगत सरसफाइमा ध्यान पुराएको (समुदायकासदस्य, विद्यालयका विद्यार्थी/ शिक्षक/ कर्मचारी, होटलर रेष्टुराका कर्मचारी/ व्यवस्थापक समेत) | • साबुन पानीसहितको हातधुने स्थान छ छैनअवलोकन गर्ने |
| **सुरक्षित पानीमा पहुँच तथा प्रयोग** | |
| • आधारभुत स्तरको खानेपानीमा सबैको पहुँच<br>• खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी,विद्यालय, संघसंस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउनेगरेको,<br>• घरायसी पानी शुद्धीकरणका आवश्यक सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको, | • खानेपानीको पहुँच पुगेको छ/छैन सोध्ने तथा अवलोकन गर्ने<br>• घर, संघसंस्था, विद्यालयमा घरायसी खानेपानी शुद्धीकरणका विधिहरुः उमालेर , क्लोरिन, फिल्टर, सोडिस विधिहरु मध्ये कुनै एक विधि अवलम्बन गरी खानेपानीको प्रयोगगरिएको छ, छैन, अवलोकन गर्ने, अभ्यासका सम्बन्धमा सोधपुछ गर्ने,<br>• खानेपानी राख्ने , भाँडा सफा छ छैन , पानी छोपेर राखेको छ छैन अवलोकन गर्ने |
| **खाना प्रयोग सम्बन्धि व्यहार** | |
| घरको भान्सा, होटल, क्यान्टिन तथा रेस्टुरा सफारहेको र बासी तथा सडेगलेको खाना नखाने/नबेच्ने गरेको नगरेको | खाना पकाउने , खाने भाँडा सफा छ छैन अवलोकनगर्ने सोध्ने |
| • खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको,<br>• फलफूल तथा खानेकुराहरु राम्रोसंग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउनेगरेको,<br>• सुरक्षित खानाको अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमाअनुगमन हुने | • खाना सफा छ छैन क्यान्टिन , होस्टेलका विद्यार्थी र होटल र रेस्टुराका ग्राहकलाई एवंपरिवारका सदस्यलाईसोध्ने<br>• होटेल, क्यान्टिन, रेस्टुरा लगायतको खानाको शुद्धता अवलोकन गर्ने टिम सक्रिय छ छैनसोध्ने , अनुगमन प्रतिवेदन |

| | |
|---|---|
| गरेको, | अवलोकन गर्ने |
| **घर विद्यालय संघसंस्था सरसफाई** | |
| • घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफारहेको,<br>• विद्यालय, संघसस्था र सार्वजनिक शौचालयहरुमा महिनावारीमा प्रयोग गरिएकास्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिकव्यवस्था भएको,<br>• घर आगँन एवं विद्यालय , संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने रनकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको। घर एवं विद्यालय , संघसंस्थाबाट निस्कनेफोहोरपानीकोसुरक्षित निस्कासन भएको,<br>• अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन , निस्कासनतथा विसर्जनसोही संस्थाले गर्ने गरेको,<br>• उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको,<br>• भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुँवा रहित चुल्होको प्रयोगभएको, | • घर, विद्यालय एवं संघसस्थाको भित्र बाहिरसरसफाइ अवलोकन गर्ने<br>• फोहोरको वर्गीकरण एवं पुन प्रयोग गरेको छ छैन अवलोकन गर्ने<br>• घरायसी तहमा भाडा माझने जुठ् यान , भाँडा् सुकाउने च्याङग, कपडासुकाउने डोरी छ छैन् अवलोकन गर्ने ।<br>• घर एवं विद्यालय , संघसंस्थाबाट निस्कने फोहोरपानीको निस्कासन स्थल अवलोकनगर्ने<br>• अस्पताल, उद्योग, कलकारखानाको अवलोकन गर्ने<br>• भान्सा कोठा सफा छ छैन, धुँवा रहित चुल्हो प्रयोगमा छ छैन सोध्ने र अवलोकन गर्ने<br>• गाई बस्तुको गोठ, खोर, व्यवस्थान अवलोकन गर्ने |
| **वातावरणीय सरसफाई** | |
| • गाउँ, टोल, पालिका एवं सडक, चौतारा आदि सार्वजनिक स्थानहरुमा सफाइको लागि सरसफाइसमिति गठन भएको,<br>• घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर मानव मलमुत्रको व्यवस्थापनकोहकमा व्यवस्थितसेप्टीक टयांकीमा जोडिएको पक्की वाटरसील चर्पी् लगायत अन्य उपयुक्त प्रविधिकोप्रयोग भएको पालिका र पालिकान्मुख क्षेत्रमा ठोस | • ठोस तथा तरल फोहोर व्यवस्थापनको आवश्यकता अनुसार स्थानीय प्रविधिसंचालनमा छ छैन अवलोकन गर्ने<br>• पालिका र पालिकान्मुख क्षेत्रमा ठोस फाहोरमैलाको व्यवस्थानको लागि योजना तर्जुमाभएको छ छैन सोध्ने र अवलोकन गर्ने ।<br>• ढल प्रणालीको योजना अवलोकन गर्ने बधशाला सफा र स्वच्छ रहेको । |

| | |
|---|---|
| फाहोरमैलाकोव्यवस्थानको लागि स्यानिटरी ल्याण्डफिल्ड साइटको पहिचान गरी निर्माणको योजना तर्जुमा भएको, व्यवस्थित ढल प्रणालीको योजना तर्जुमा भएको,<br>• पालिका र पालिकान्मुख क्षेत्रमा बधशालाहरुको निर्माण, वधशालाको सरसफाइ र त्यसबाटनिस्कने फोहोरको व्यवस्थापनमा जोड | • खानेपानी,सरसफाइ र स्वच्छताका सुविधाहरुमा सवैकोपहुँच पुगेको छ छैन राम्ररी संचालनमारहेका छन् /छैन् अवलोकन गर्ने, सोध्ने<br>• प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छ/छैन, संचालनमा छ छैन अवलोकन गर्ने<br>• स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यवस्थितसंचालनमा भएको छ छैन अवलोकन गर्ने<br>• नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम रहेको छ छैनअवलोकन तथा परीक्षण गर्ने<br>• बस्ती, टोल वरपर यथोचित हरियाली र पार्कनिर्माण भएको छ छैन अवलोकन गर्ने ।ठोस तथा तरल फोहोरको प्रशोधन पश्चात पुन प्रयोग भएको छ छैन सोध्ने र सोको प्रयोगकोअवलोकन गर्ने |
| **२. पुर्ण सरसफाई उन्मुख क्षेत्र** | |
| • प्रयोगकर्ता–मैत्री गुणस्तरीय चर्पी निर्माण भएको,<br>• नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमासबैको पहुँच भएको,<br>• ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थितसेप्टीक टयांकीमा् जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोगभएको<br>• पालिका र पालिकान्मुख क्षेत्रमा प्रशोधन सहितकोव्यवस्थित ढल निर्माण भएको,<br>• ठोस फाहोरमैलाको व्यवस्थापनका लागिआवश्यकता अनुसार स्यानिटरी ल्याण्डफिल्ड साइडको निर्माण गरी संचालनमा रहेको, | • खानेपानी,सरसफाइ र स्वच्छताका सुविधाहरुमासवैको पहुँच पुगेको छ छैन राम्ररी संचालनमारहेका छन् छैन् अवलोकन गर्ने, सोध्ने<br>• प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छ/छैन, संचालनमा छ/छैन अवलोकन गर्ने<br>• स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यवस्थितसंचालनमा भएको छ छैन अवलोकन गर्नेनदीनाला , पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम रहेको छ छैनअवलोकन तथा परीक्षण गर्ने<br>• बस्ती, टोल वरपर यथोचित हरियाली र पार्कनिर्माण भएको छ छैन अवलोकन गर्ने ।<br>• ठोस तथा तरल फोहोरको प्रशोधन पश्चात |

| | |
|---|---|
| • पालिका र पालिकान्मुख क्षेत्रमा सम्भव भए सम्म फोहोरमैलाको कम उत्त्पादन, पुनःप्रयोग ररिसाइकल गर्ने व्यवस्था भएको,<br>• आकासेपानी संकलन र उपयोग गरेको,<br>• नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेको,<br>• बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको | पुन प्रयोग भएको छ छैन सोध्ने र सोकोप्रयोगको अवलोकन गर्ने |

**अनुसुची ६**

**खानेपानी, सरसफाइ र स्वच्छता योजनामा समावेश गर्नुपुर्ने न्यूनतम विषयहरु**

१. पृष्ठभूमिः
२. स्थान परिचयः
३. वर्तमान अवस्थाः (खानेपानी, सरसफाइ र स्वच्छता)
४. लक्ष्य निर्धारणः (खानेपानी, सरसफाइ र स्वच्छता)
५. कार्य प्रक्रियाः
६. अवसर चुनौतीहरुको विश्लेषणः
७. क्रियाकलापहरुः
८. कार्ययोजनाः
९. लागत अनुमानः
१०. सरोकारवालाहरुको पहिचान, नक्सांकन र योगदानको विश्लेषणः
११. अनुगमन तथा मूल्यांकनः
१२. आवश्यक नक्साहरुः

आज्ञाले,
रबिन्द्र बहादुर धामी
प्रमुख प्रशासकीय अधिकृत

दोगडाकेदार गाउँपालिका, बैतडी